# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष ९ अंक ५ मासिक वैशाख/ जेठ May 2006


- *कूटनीतिक क्षेत्रमा महिलाको खडेरी*
  **दोस्रो महिलाले राजदूत हुने सौभाग्य कहिले पाउने ?** — लेखनाथ अधिकारी
- *सातौं गर्भ तुहाएपछि हत्या*
  **श्रीमतीको हत्या, लोग्ने फरार** — रामराज पोखेल
- *श्रीमान्को कुटाइ, कति सहने श्रीमती ?*
  **कुट्ने अधिकार पुरुषको मात्र हो कि ?** — अमृता अनमोल
- *लाजमर्दो हुनुपर्ने नागरिकता*
  **बाबु ठेगान नभएको नागरिकताको के काम ?** — कृष्ण अधिकारी




सञ्चारिका समूह/नेपाल

# कूटनीतिक क्षेत्रमा महिलाको खडेरी

*अर्थतन्त्रको मुल हिस्सा मानिएको वैदेशिक रोजगारीमा जाने नेपालीको हकहितमा सरकार कत्तिको प्रतिबद्ध छ ? भन्ने सवाल पनि अहिले उठिरहेको छ । अहिलेको परिवर्तित परिस्थितिमा पिछडिएका वर्ग र जातिलाई समानुपातिक र समाबेसीकरणको सिद्धान्तअनुरूपको व्यवहार आवश्यक छ । यसअन्तर्गत नेपाली महिलाहरूलाई रोजगारीमा सुरक्षित ढंगले पठाउने र उनीहरूको सुरक्षा पनि राज्यले ग्यारेन्टी गर्नु आवश्यक छ र अहिलेको लोकतान्त्रिक सरकारले महिलालाई समानुपातिक सहभागिता गराउनेबारे पनि गम्भीर हुनु आवश्यक छ ।*

**✍ लेखनाथ अधिकारी**

*सरकारले वैदेशिक रोजगारीमा गएका महिलाको हकहित प्रवर्द्धनमा ती राष्ट्रसँग श्रम सम्झौता गर्दा नै स्पष्ट गर्नुपर्ने खाँचो छ । तर, अहिलेसम्म नेपालको कतारसँग मात्रै श्रम सम्झौता भएको छ । कागजी रूपमा जेसुकै भए पनि त्यसको उचित अनुगमन नहुँदा समस्या खासै सुल्झन सकेको छैन । यसो हुनुको कारण दूतावासको सीमित साधनस्रोत नै रहेको परराष्ट्र मन्त्रालयका निमित्त सचिव खतिवडा बताउनुहुन्छ ।*

कूटनीतिक क्षेत्रको काम के ? त्यसको समग्र र संक्षिप्त जवाफ हो– स्वदेश र विदेशमा जनताको हरहिसाबले सेवा गर्ने। तर, हरहिसाबले देश र देशवासीको के-कति हकहितको प्रवर्द्धन विगतमा भयो त ? अहिलेको परिवर्तित परिस्थितिमा राज्यका हरेक निकायमा महिलालाई ३३ प्रतिशत समावेश गरिनुपर्ने प्रनिनिधिसभाको घोषणा र समाबेसीकरणको सिद्धान्तलाई समेत ध्यान दिंदै खासगरी वैदेशिक रोजगारीका क्षेत्रमा के-के सच्याउनु आवश्यक छ त ? त्यसको व्यापक गृहकार्य र चिन्तनमनन अहिले नै हुनु आवश्यक देखिएको छ। अर्थतन्त्रको ठूलो हिस्सा वैदेशिक रोजगारीबाट प्राप्त 'रेमिटेन्स' ले ओगटेको छ।

अर्थतन्त्रको मुल हिस्सा मानिएको वैदेशिक रोजगारीमा जाने नेपालीको हकहितमा सरकार कत्तिको प्रतिबद्ध छ ? भन्ने सवाल पनि अहिले उठिरहेको छ।

अहिलेको परिवर्तित परिस्थितिमा पिछडिएका वर्ग र जातिलाई समानुपातिक र समाबेसीकरणको सिद्धान्तअनुरूपको व्यवहार आवश्यक छ। यसअन्तर्गत नेपाली महिलाहरूलाई रोजगारीमा सुरक्षित ढंगले पठाउने र उनीहरूको सुरक्षा पनि राज्यले ग्यारेन्टी गर्नु आवश्यक छ र अहिलेको लोकतान्त्रिक सरकारले महिलालाई समानुपातिक सहभागिता गराउनेबारे पनि गम्भीर हुनु आवश्यक छ।

परिवर्तित परिस्थितिमा सरकारले अमेरिका, बेलायत, फ्रान्स, चीन, भारत, कतार, थाइल्याण्ड, रसिया, म्यान्मार, जापान, पाकिस्तान र साउदीअरेबियासमेत गरी बाह्र देशका राजदूतलाई ४५ दिने म्याद दिएर फिर्ता बोलाएको छ। ती राजदूत फर्किएपछि त्यहाँ कस्ता राजदूत पठाउने ? त्यसमा महिलाको सहभागिता कति हुने ? र, वैदेशिक रोजगारीमा गएका महिलालाई कुन तौरतरिकाबाट ती राजदूतहरूले हकहित प्रवर्द्धन गर्न सक्छन् ? भन्ने सवाल पनि महत्वपूर्ण छ। यसका लागि नेपाल सरकारले उपयुक्त खाका तयार पार्नु आवश्यक छ। उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री केपी शर्मा ओलीले ती मुलुकमा उपयुक्त मान्छेलाई पठाइने प्रतिबद्धता व्यक्त गर्नुभएको

छ। तर त्यो उपयुक्तताको खोलभित्र महिला हित पनि हेरिनु जरुरी देखिएको छ।

वैदेशिक रोजगारीसमेत हेर्ने युनिफेमकी कार्यक्रम निर्देशक सरु जोशी विदेशमा रहेका महिलाको हकहित प्रवर्द्धन गर्न सरकारले राजदूतावासहरूलाई सक्रिय पार्नुपर्ने बताउनुहुन्छ। उहाँको भनाइ छ–अहिले बाह्र राजदूत फिर्ता गरिएका छन्। अब पठाउँदा महिलाको सवाल र समस्या बुझेका व्यक्तिहरूलाई समेत राजदूत नियुक्त गर्नुपर्ने आवश्यकता छ। श्रमसहचरी महिला पठाउने, विदेश जाने कामदारबाट उठेको राजस्वको केही प्रतिशत रकम उनीहरूकै कल्याणकारी कामका लागि छुट्याउने हो भने पनि तत्काललाई यो समस्या समाधानका लागि भरथेग हुने उहाँको विश्वास छ।

महिलाका कुरा मात्रै होइन समग्रमा विदेशमा काम गर्न जाने कामदारहरूकै बारेमा नीतिगत अस्पष्टता थुप्रै छन्। परराष्ट्र मन्त्रालय यसको तथ्यांक खोज्न हप्तौं प्रयास गर्दा असफल देखिन्छ भने श्रम तथा यातायात व्यवस्था मन्त्रालय आर्थिक वर्ष २०६१–६२ मा कुल ३ सय ७७ जना महिला मात्र विदेश गएको रेकर्ड लिएर बसेको छ। यति महिला मात्रै विदेश गएका हुन् त ? श्रम मन्त्रालयका प्रवक्ता ध्रुव शर्माको कथन छ– हामीकहाँ यही तथ्यांक मात्रै छ। छुट्टै आफ्नै हिसाबले गएका मान्छेको रेकर्ड हामीकहाँ हुँदैन।

शर्माका अनुसार अहिले वैदेशिक रोजगारीका लागि खुलाइएका १ सय ७ राष्ट्रमध्ये कहीं पनि महिलालाई रोजगारीका लागि जान बन्देज छैन। तर, खाडी क्षेत्रको हकमा संस्थागत हिसाबले मात्रै महिलालाई पठाउने निर्णय भएको छ। घरेलु कामदारका रूपमा पठाउन बन्देज छ। तर, व्यक्तिगत हिसाबले कोही घरेलु कामदारका रूपमा खाडी क्षेत्रमा कार्यरत छन् भने तिनको हकहित कसले हेर्ने भन्नेबारेमा मन्त्रालय अनविज्ञ त छँदैछ।

सरकारले २०६१ मंसिरदेखि वैदेशिक रोजगारीका लागि २४ राष्ट्रबाट एकैपटक बढाएर १ सय ७ राष्ट्रलाई खुल्ला गरेको थियो। खुल्ला गरिएका राष्ट्र त बढाइयो तर आफ्ना विदेशस्थित संयन्त्र सीमित भएकाले सरकार निल्नु न ओकल्नुको स्थितिमा रहेको छ। जस्तो नेपालका विदेशमा दूतावास र महावाणिज्य दूतावास गरी मुस्किलले दुई दर्जन छन्। यो स्थितिमा विदेशमा रहेका कामदारको हक सरकारी संयन्त्रले कसरी हेर्ला, अर्को अनौठौ स्थिति रहेको छ। कतारजस्तो डेढ लाखभन्दा बढी नेपाली कामदार भएको मुलुकस्थित नेपाली दूतावासमा राजदूतसहित ३ जना मात्र कर्मचारी छन्। 'तिनले पासपोर्ट नवीकरण गर्ने नियमित काम गरुन् कि नेपाली कामदारको हकहित हेरुन् ?'– परराष्ट्र मन्त्रालयका अधिकारीहरू नै प्रश्न गर्छन्। सरकारले विदेशमा रहेका कामदारलाई मात्र हेर्ने गरी कूटनीतिक सुविधासहितको श्रमसहचरीको व्यवस्था विभिन्न राष्ट्रमा गर्ने निर्णय गरेको वर्षौं भइसके पनि अब यो गाउँखाने कथाजस्तो भइसकेको छ।

*विदेशस्थित कूटनीतिक नियोगमा समग्र कर्मचारी संख्या नै कम भएको बेला समानुपातिक रूपमा महिला कर्मचारी कसरी पठाउने भन्नेबारेमा सरकार गम्भीर हुनु आवश्यक छ। किनकि कूटनीतिक सेवामा केवल तीनजना महिला रुनु चापागाईं (मन्त्रालयको प्रशासनमा सुब्बा), अम्बिकादेवी लुइँटेल (ब्रसेल्सस्थित दूतावासमा उपप्रमुख) र विन्दिराशंकर जोशी (कोलकातास्थित महावाणिज्य दूतावासमा तृतीय सचिव) रहेका छन्।*

श्रमसहचरीको रूपमा परराष्ट्र मन्त्रालयको कर्मचारी पठाउने कि श्रम मन्त्रालयको भन्ने लफडा त छँदैछ मूल कुरो आर्थिक व्यवस्थाको पनि छ। परराष्ट्र मन्त्रालयका निमित्त सचिव प्रदीप खतिवडा यसबारेमा भन्नुहुन्छ– परराष्ट्रको खरिदार मात्रै त्यस पदमा पठायो भने पनि 'रेस्पोन्स' राम्रो हुन्छ तर गैरकूटनीतिक मान्छेलाई त्यहाँ पठाउने हो भने 'होस्ट' गर्ने राष्ट्रले नै राम्रो व्यवहार गर्दैन। श्रम मन्त्रालयका प्रवक्ता शर्माको कथन भने फरक छ– कुन मन्त्रालयको कर्मचारी पठाउने भन्ने कुरामा त विवाद नै हुनुहुन्न। महावाणिज्य दूतावासमा जुनसुकै मन्त्रालयका कर्मचारी जान मिल्छ भने श्रम हेर्ने त श्रम मन्त्रालयका कर्मचारीको अधिकार नै हो। अर्थात् यसमा नीति र प्रक्रियाका कुराभन्दा पनि त्यहाँ जाने कर्मचारीको हकहित, डलरको पेमेन्ट कसले लिने भन्ने कुराचाहिं बढी उठिरहेको अवस्था छ। यस खालको समस्या विगत पाँच वर्षदेखि जारी छ। यसरी समग्र कामदारकै हकहित हेर्ने अस्पष्टता रहेको बेलामा

कामदारको रूपमा विदेश गएका अल्पसङ्ख्यक महिलाको बारेमा सोच्ने त कसैलाई फुर्सदसमेत छैन । तर अबको मूल मुद्दा महिलाको हित पनि हेर्नुपर्ने परिवर्तित परिस्थितिको माग हो ।

युनिफेमकी कार्यक्रम निर्देशक जोशी राजदूत या श्रमसहचरीजस्ता पदमा मान्छे पठाउँदा महिलालाई प्राथमिकता दिएमा महिला हितको प्रवर्द्धन हुन सक्ने बताउनुहुन्छ । यस विषयमा परराष्ट्र मन्त्रालयका सारथी उपप्रधानमन्त्री ओली मात्र नौलो हुनुहुन्न, अतिरिक्त समूहबाट झिकाइएका निमित्त सचिव खतिवडासमेत उत्तिकै नौला छन् । अनि सात दलको सरकार भएकाले उनीहरूले बोल्दैमा भइहाल्ने स्थिति पनि छैन । तथापि सबै दलहरूले यसबारेमा सामूहिक कार्यक्रममार्फत सरकारलाई निर्देशन दिनु जरुरी देखिएको छ। बरु नबुझेको कुरा सम्बद्ध क्षेत्रसँग बुझ्ने प्रयास गर्नुपर्छ ।

सरकारले खाडी क्षेत्रमा घरेलु कामदारका रूपमा महिलालाई जान रोके पनि इजरायललगायतका राष्ट्रमा 'केयर गिभर' का रूपमा महिला चाहिएको भनेर विज्ञापन निकालेको देखिन्छ। त्यहाँ भने घरेलु कामदारका रूपमा महिलालाई पठाए पनि कुनै खतरा नहुने सरकारको सोच कसरी आयो त्यो बुझ्न सकिएको छैन- श्रम प्रवक्ता शर्मा भन्नुहुन्छ– खाडीबाट विगतमा गुनासा आए त्यही भएर यसो गरिएको हो ।

सरकारले वैदेशिक रोजगारीमा गएका महिलाको हकहित प्रवर्द्धनमा ती राष्ट्रसँग श्रम सम्झौता गर्दा नै स्पष्ट गर्नुपर्ने खाँचो छ। तर, अहिलेसम्म नेपालको कतारसँग मात्रै श्रम सम्झौता भएको छ। कागजी रूपमा जेसुकै भए पनि त्यसको उचित अनुगमन नहुँदा समस्या खासै सुल्झन सकेको छैन । यसो हुनुको कारण दूतावासको सीमित साधनस्रोत नै रहेको परराष्ट्र मन्त्रालयका निमित्त सचिव खतिवडा बताउनुहुन्छ ।

विदेशस्थित कूटनीतिक नियोगमा समग्र कर्मचारी संख्या नै कम भएको बेला समानुपातिक रूपमा महिला कर्मचारी कसरी पठाउने भन्नेबारेमा सरकार गम्भीर हुनु आवश्यक छ। किनकि कूटनीतिक सेवामा केवल तीनजना महिला रुनुु चापागाईं (मन्त्रालयको प्रशासनमा सुब्बा), अम्बिकादेवी लुइँटेल (ब्रसेल्सस्थित दूतावासमा उपप्रमुख) र विन्दिराशंकर जोशी (कोलकातास्थित महावाणिज्य दूतावासमा तृतीय सचिव) रहेका छन्। यी तीनजनालाई समानुपातिक रूपमा पठाउँदा कहाँ मात्रै पठाउने भन्ने प्रश्न उठ्ने गरेको छ। राजदूत नियुक्ति बाहिरबाट हुन सक्ने भए पनि अहिलेसम्म जम्मा एकजना महिला राजदूत विन्देश्वरी शाह (भारतका लागि मात्रै) भएकी थिइन्। दोस्रो महिला राजदूत बन्ने सौभाग्य अहिलेसम्म कसैले पाएका छैनन् । यो स्थितिमा परिवर्तित परिवेशलाई ध्यान दिँदै समान साझेदारिता र समावेसीकरणको नारालाई मूर्तरूप दिन कूटनीतिक सेवामा महिला प्रवेशलाई प्राथमिकता दिनुपर्ने खाँचो छ। विदेशमा रहेका महिला कामदारको हकहितका लागि सरकारका तर्फबाट बेलैमा विशेष ध्यान दिनुसमेत जरुरी मात्र होइन ढिला भइसकेको छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सातौं गर्भ तुहाएपछि हत्या

*विवाहपूर्व नै गर्भिणी भएकी आशाको आठौं गर्भ हुँदा हत्या भयो । पशुपतिले आशाका ७ वटा गर्भ मेरी स्टोप्स बर्दघाटमा लगेर फालेका हुन् । गर्भपतन गराउँदा पशुपति आशाका लोग्ने बनेका थिए । रामग्राम नगरपालिकाको मुखिया पदका जागिरे पशुपतिले २०६२ असार १४ गते आशाको हत्या गरेका थिए । अहिले उनी कारागारमा छन् ।*

✍ **रामराज पोखेल**

*उनलाई चन्द्रावतीको हत्याको आरोपमा प्रहरीले पक्राउ गरे पनि २९ दिनपछि छाड्यो । कपिलवस्तुको सदरमुकाम तौलिहवादेखि पश्चिममा पर्ने यो गाउँमा वर्षमा १-२ जना महिलाको हत्या यसरी नै हुने गरेको छ । तर गाउँलेले प्रहरीलाई उजुरी नै दिँदैनन् । बरु दोषीलाई चोख्याउँछन् । २ वर्ष पहिला पनि जरलैया गाउँकी थुमैया बराईको हत्या भएको थियो । यसअघि नै चन्द्रवतीको हत्यामा मिठईलाई कारबाही भएको भए शकुन्तलाको हत्या हुने थिएन ।*

सातमहिने छोरीलाई टुहुरी बनाई लोग्नेको हातबाट मध्यरातमा मारिनुपर्छ भनेर शकुन्तला चौहानले कल्पनासमेत गरेकी थिइनन्, तर भइदियो त्यस्तै । छोरीसँगै सुतिरहेकी श्रीमतीलाई ओछ्यानबाटै छुटाएर लोग्ने मिठईले शकुन्तलाको घाँटी थिचेर मारे । कपिलवस्तुको निग्लिहवा ६ जरलैयाका मिठईले गएको मंसिर २७ गते मध्यरातमा स्वास्नी शकुन्तलाको हत्या गरेका हुन् ।

सँगै सुतेका मिठईले आफ्ना बुबाआमा, दाजुभाउजूसँग सल्लाह गरी स्वास्नीलाई मारे । शकुन्तलाको मृतशरीर मंसिर ३० गतेका दिन माइती घर रूपन्देही मानपकडीमा फेला पर्‍यो । मिठईले आफ्ना दाजु सेठईलाई स्वास्नीको लास माइती गाउँमा लगेर फाल्न लगाएका थिए । लास फाल्न लागेको बेला गाउँलेले सेठईलाई पक्राउ गरेका थिए ।

चलाख मिठईले स्वास्नी मारेको १२ घन्टा नपुग्दै मंसिर २८ को बिहानै ससुराली आएर शकुन्तला माइत आउन घरबाट भागेको बताएका थिए । ससुरालीबाट उनी त्यतिबेलै भागेर भैरहवा हुँदै भारततिर लागे । केही दिन अगाडिदेखि गाउँलेहरूले उनको गाउँकै एक केटीसँग सम्बन्ध रहेको आरोप लगाउँदै आएका थिए । त्यसैकारण उनले शकुन्तलालाई लामो समयदेखि कुटपिट र यातना दिइरहेका थिए । शकुन्तलाका पिता मुनिब लोनियाँ भन्छन्, "एक वर्ष पहिलादेखि छोरी घर बस्न नसक्ने बताउँदै आएकी थिई ।" यसअघि पनि उनले २०५८ कार्तिकमा आफ्नै गाउँकी १८ वर्षीया चन्द्रवती मुराउलाई नजिकैको जंगलमा लगी काटेर मारेका थिए । मिठईद्वारा गर्भिणी भएकी चन्द्रवतीले विवाह गर्नुपर्छ भनेपछि उनी मारिएकी हुन् ।

उनलाई चन्द्रावतीको हत्याको आरोपमा प्रहरीले पक्राउ गरे पनि २९ दिनपछि छाड्यो । कपिलवस्तुको सदरमुकाम तौलिहवादेखि पश्चिममा पर्ने यो गाउँमा वर्षमा १-२ जना महिलाको हत्या यसरी नै हुने गरेको छ । तर गाउँलेले प्रहरीलाई उजुरी नै दिँदैनन् । बरु दोषीलाई चोख्याउँछन् । २ वर्ष पहिला पनि जरलैया गाउँकी थुमैया बराईको हत्या भएको थियो । यसअघि नै चन्द्रवतीको हत्यामा मिठईलाई कारबाही भएको भए शकुन्तलाको हत्या हुने थिएन । शकुन्तलाकी छोरीलाई अहिले गाउँलेले पालेका छन् । हत्यारा लोग्ने मिठई अहिले फरार छन् भने सासू-ससुरा, जेठाजु र जेठानी प्रहरी हिरासतमा । स्थानीय एक युवक केशव भुसाल भन्छन्, "यहाँका भलाद्मीहरू पीडितका पक्षमा कहिल्यै बोल्दैनन् । त्यसैले वर्षेनी एक-दुईजना महिलाको हत्या हुने गरेको छ ।"

यसैगरी २०६२ मंसिर ३० गते ३५ वर्षीया गीतालाई भित्र्याएका ४२ वर्षीय खुमबहादुर रानाले पुस दुई दिनपछि नै २ गते दिउँसो रूपन्देहीको रुद्रपुरस्थित आफ्नै घरमा पिटेर मारे ।

"गीता परपुरुषसँग लागेको शंका लागेर पिटें, त्यसैको असरले मरी," खुमबहादुरले भने । डकर्मीको काम गर्ने खुमबहादुरका अन्य दुईवटी स्वास्नीबाट ५ जना लालाबाला छन् । अहिले उनी प्रहरी हिरासतमा छन् ।

लुम्बिनीको तराई क्षेत्रमा विवाहित मात्र होइनन् अविवाहित महिलाको पनि हत्या हुने गरेको छ । नवलपरासी रामग्राम २ की २२ वर्षीया युवती आशा गुप्तालाई छिमेकी पशुपति नाउले गर्भिणी बनाएर मारे । ४ महिने गर्भिणी आशाले गर्भपतन गराउन नमान्दा यातना दिएर पशुपतिले मारेका हुन् ।

विवाहपूर्व नै गर्भिणी भएकी आशाको आठौं गर्भ हुँदा हत्या भयो । पशुपतिले आशाका ७ वटा गर्भ मेरी स्टोप्स बर्दघाटमा लगेर फालेका हुन् । गर्भपतन गराउँदा पशुपति आशाका लोग्ने बनेका थिए । रामग्राम नगरपालिकाको मुखिया पदका जागिरे पशुपतिले २०६२ असार १४ गते आशाको हत्या गरेका थिए । अहिले उनी कारगारमा छन् ।

शकुन्तला, चन्द्रवती, गीता र आशाजस्ता घरेलु हिंसाबाट मारिने र पीडित हुनेहरू लुम्बिनीको तराई क्षेत्रमा थुप्रै छन् । प्राप्त तथ्यांकअनुसार गएको दुई वर्षमा कपिलवस्तुमा १०, रूपन्देहीमा ९ र नवलपरासी ८ वटा यस्ता घटना प्रहरीसमक्ष पुगेका थिए । तीमध्ये अधिकांश उजुरीहरूमा प्रमाण नपुगेको भनी प्रहरीले दर्तासमेत गरेन । यस क्षेत्रमा अविवाहितलाई गर्भिणी बनाएर तथा विवाहितलाई रोगी भएको, दाइजो नल्याएको, छोरी जन्माएको र परपुरुषसँग लागेको दोषमा मार्ने गरिन्छ ।

यसकै अर्की उदाहरण हुन् कपिलवस्तु कोपवाकी मञ्जु सुवेदी । उनलाई लोग्ने हेमबहादुरले २०६१ असार २५ गते घाँटी थिचेर मारेका थिए । दिमागसम्बन्धी रोगी भएको आरोपमा लोग्नेले मारेको दाबी प्रहरीले गरेको छ । अहिले हेमबहादुर कपिलवस्तु जेलमा छन् ।

मञ्जुकै जस्तो कारण देखाई रूपन्देही देवदहका उपेन्द्र पौडेलले स्वास्नी बबितालाई गुण्डा लगाएर मारे । ७ महिने गर्भिणी बबिताको २०६० कार्तिक १ गते राति लोग्नेसँगै सुतेको बेला हत्या भयो । डाँकालाई २ लाख दिने सर्तमा मध्यरातमा खुकुरीले रेटेर बबिताको हत्या भएको थियो । केरवानीका पेशेवर डाँका भीमलाल पाण्डेसहितको टोलीले बबिताको हत्या गर्नुपूर्व उपेन्द्रबाट

*मञ्जुकै जस्तो कारण देखाई रूपन्देही देवदहका उपेन्द्र पौडेलले स्वास्नी बबितालाई गुण्डा लगाएर मारे । ७ महिने गर्भिणी बबिताको २०६० कार्तिक १ गते राति लोग्नेसँगै सुतेको बेला हत्या भयो । डाँकालाई २ लाख दिने सर्तमा मध्यरातमा खुकुरीले रेटेर बबिताको हत्या भएको थियो । केरवानीका पेशेवर डाँका भीमलाल पाण्डेसहितको टोलीले बबिताको हत्या गर्नुपूर्व उपेन्द्रबाट डेढ लाख रुपैयाँ पेश्की लिइसकेका थिए ।*

डेढ लाख रुपैयाँ पेश्की लिइसकेका थिए । सँगै सुतेकी स्वास्नीको हत्या भएको वहाना बनाउन उपेन्द्रले छिमेकीलाई १ घन्टापछि मात्र खबर गरे, तर गाउँलेले पत्याएनन् । त्यतिखेर उपेन्द्र जिल्ला विकास रूपन्देहीका ओभरसियर थिए । बबिताकी आमा लीलावती काफ्लेका अनुसार उपेन्द्रले बबितालाई लठेब्री भनेर हेला गरिरहन्थे । आमा लीलावती भन्छिन्, "पटक-पटक छोरीलाई धम्की त दिइरहन्थे निर्दयी रहेछन्, आखिर मारिछाडे ।" उपेन्द्र अहिले रूपन्देही कारागारमा छन् ।

उता रूपन्देही करहियाका कृष्ण पोखेलले स्वास्नी सूक्ष्मालाई छोरी जन्माएको निहुँमा झुन्ड्याएर मारे । गर्भिणी हुँदा अल्ट्रासाउण्डबाट छोरी पत्ता लागेपछि गर्भ तुहाउन कृष्णले दबाब दिए, सूक्ष्माले मानिनन् । आखिर छोरी जन्मेको ६ महिनामै काठमाडौं कपनमा रहेको आफ्नै घरमा झुन्ड्याएर मारे । करहियाबाट २० दिन पहिला सूक्ष्मालाई काठमाडौं लगिएको थियो । देवदह शीतलनगर माइती घर भएकी सूक्ष्मा स्नातक तथा लोग्ने कृष्ण स्नातकोत्तर उत्तीर्ण थिए । सूक्ष्माका पिता जीवलाल अर्याल भन्छन्, "विवाह गर्दा ३ लाख बढीको दाइजो दिएका थियौं । पछि ज्वाइँले पुनः पैसा मागेपछि थप ३५ हजार पठाइदिएको थिएँ तर पनि मारिछाडे । छोरी पाएको र ३ लाख नल्याएको भनी ज्वाइँले यातना दिने गरेको गुनासो सूक्ष्माले गर्थी," बुबा

जीवलालले भने । उनी भन्छन्, “छोरी मार्ने ज्वाइँको विरुद्ध प्रहरीमा उजुरी त दिएँ तर पहुँच पुगेन, कारबाही पनि भएन ।”

कृष्ण अहिले दोस्रो विवाह गरी काठमाडौंमा बस्छन् भने सूक्ष्माकी आमा मोतिमाया अहिले पनि छोरीको सम्झनामा रातदिन रोइरहन्छिन् । यता सूक्ष्माले छोरी पाएको भनी लोग्नेले मारे भने उता रूपन्देही पडसरीका चन्द्रमणि सुवेदीले मन नपरेको भनी स्वास्नी लक्ष्मीलाई मारे । उनका विरुद्ध प्रहरीमा उजुरी परेको छ, तर अहिलेसम्म पक्राउ परेका छैनन् । लक्ष्मीका दाजु परशुराम बाँस्तोला भन्छन्, “बहिनीलाई ज्वाइँले हेला गरिरहन्थे तर पतिपत्नीको झगडा भनेर ध्यान दिएका थिएनौं ।” त्यस्तै रूपन्देही शंकरनगरकी पार्वती खरेललाई विवाहमा दाइजो कम ल्याएको भनी लोग्ने रवि र सासू राधिका मिलेर झुन्ड्याएर मारे । एक वर्ष पहिला विवाहित पार्वतीको २०५८ चैतमा हत्या भयो । दाजु गोपाल गैरे भन्छन्, “बहिनीको हत्या पर्याप्त दाइजो दिन नसक्नु नै हो । गाउँले र माइतीले प्रहरीलाई उजुरी दिए तर सासू राधिका र लोग्ने रविका अगाडि कसैको केही चलेन । कारबाही पनि भएन । २ वर्ष मुद्दा लडियो तर धनको अगाडि हाम्रो केही लागेन,” दाजु गोपालले भने । धनको खोलो बगाएर निर्दोष बनेका रविको परिवार समाजमा बस्न नसकेपछि अहिले काठमाडौं बस्न थालेको छ ।

शकुन्तला, चन्द्रवती, गीता, आशा, बबिता, सूक्ष्मा, मञ्जु, पार्वती र लक्ष्मी त उदाहरण मात्र हुन् । यी बाहेक अझै कति मारिएका छन् त कतिले मानसिक र शारीरिक यातना भोगिरहेका छन् ।

कपिलवस्तु प्रहरी प्रमुख एस.पी. विजयकुमार भट्ट प्रमाण नभएका ठाडो मुद्दाहरू आफूकहाँ दर्ता नहुने बताउँछन्, “प्रमाण भएका मुद्दा कारबाहीमा अघि बढ्छन् अन्यथा आपसमा मिल्न अनुरोध गर्छौं,” एस.पी. भट्टको भनाइ छ ।

प्रहरी उपरिक्षक भट्टको भनाइले स्पष्ट हुन्छ कारबाही गर्ने निकायले नै चासो नदिँदा महिला मार्ने हत्यारा र आफन्तहरू कति फरार छन् त कति खुलेआम हिँडिरहेका छन् ।

यो लहरो लुम्बिनीका तराईमा मात्र यति ठूलो छ भने देशभरको त अनुमान लगाउन पनि गाह्रो छ । त्यसतर्फ ध्यान दिने हो कि ?

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# श्रीमान्‌को कुटाइ, कति सहने श्रीमती ?

**कुरा उनीहरूको मात्र होइन । जमाना कहाँबाट कहाँ पुग्यो । कति नियमकानुन बदलिएर नयाँ बने । महिला मुक्ति र स्वतन्त्रताका पक्षमा कति कार्यक्रमहरू गरिए । तर, हाम्रो समाजमा अझ कति महिलाहरू घरपरिवारबाहिर मुख खोलेर बोल्न पाउँदैनन् । त्यसको लेखाजोखा छैन । यो क्रम गरिब परिवारमा भन्दा शिक्षित र सम्पन्न परिवारमा बढी छ । सम्पन्न परिवारमा श्रीमतीले गर्ली, कमाउली र खाउँला भन्ने सोच हुँदैन । त्यसैले शिक्षितलाई पनि बढी हेप्छन् र घरभित्रै थुनेर राख्न खोज्छन् । भुक्तभोगी महिलाहरू भन्छन् तर इज्जत र प्रतिष्ठाका डरले कुरा बाहिर ल्याउँदैनौं ।**

**✍ अमृता अनमोल**

*उसो त मीना समस्या समाधानका लागि पनि लागेकी छैनन् । हाम्रो कुरा कसले सुन्छ र, कहाँ जानु ? घरपरिवार समाज उस्तै छ । अदालत जानु घर सम्हाल्न नसकेर मुद्दा लड्ने गतिछाडा आइमाई भन्ला र यही समाजले बहिस्कार गर्ला भन्ने डर ? मीना सुनाउँछिन् ।*

उनी त कसैसित बोल्नै हुन्न । यसैको डरले शिक्षण पेशा छुटाए । सानो होस् कि ठूलो परपुरुष भए पुग्यो । गाली मात्र होइन श्रीमान्‌ले कुटिहाल्छन् । बिहे भएको २ वर्ष पुग्यो । यसबीचमा परपुरुषसित बोलेकै निहुँमा कति गाली र कुटाइ खाइन् लेखाजोखा नै छैन । शरीरका नीला डाम मेटिन पाउँदैनन् । अरू त के डेरावाला ससाना भाइसित बोलियो भने पनि कुटेर शरीर थिलथिलो बनाइदिन्छन्- गहभरि आँसु झार्दै मीनाले भनिन् ।

बुटवल ११ की मीना सम्पन्न परिवारकी बुहारी हुन् । खानलगाउन दुःख छैन । बस्न घर छ । यसमाथि जागिरे श्रीमान् । तापनि वैवाहिक जीवन उनलाई तातो पिंडालु निल्नु न ओकल्नुजस्तै भएको छ । बिहेअघिको शिक्षण पेशा छोड्नुपर्दाको पीडा झनै ताजा भएको छ ।

उसो त मीना समस्या समाधानका लागि पनि लागेकी छैनन् । हाम्रो कुरा कसले सुन्छ र, कहाँ जानु ? घरपरिवार समाज उस्तै छ । अदालत जानु घर सम्हाल्न नसकेर मुद्दा लड्ने गतिछाडा आइमाई भन्ला र यही समाजले बहिस्कार गर्ला भन्ने डर ? मीना सुनाउँछिन् ।

तीन छोराछोरीकी आमा बुटवल १३ की सरिताको अवस्था त झनै दुःखलाग्दो छ । श्रीमान्‌को कुटाइबाट उनले कोखको बच्चासमेत गुमाउनुपरेको छ । सरिता भन्छिन्- एक दिन डेरावाला विद्यार्थी भाइले भाडा दिएको राखें । त्यही निहुँमा श्रीमान्‌ले बेसरी कुटे । हप्तौं बिरामी परें । पेटको बच्चा मरेछ । डाक्टरले पेटमा दबाब परेर मरेको रिपोर्ट दिए । तर सबैलाई भऱ्याङबाट लडेको भनेर ढाँटें । समाजका अगाडि परिवारको इज्जतका लागि पनि ढाँट्न विवश भएँ ।

परपुरुष मात्र होइन, परस्त्रीसँग बोले पनि सरिताका श्रीमान्‌लाई मन पर्दैन । किन त ? पेशाले व्यापारी उनी भन्छन्- धनदौलत, ऐसआराम घरमै पुऱ्याइएको छ । फुर्सतमा डुल्नघुम्न आफैं लगिन्छ । यति हुँदाहुँदै पनि बाहिर संगत भयो भने म मात्र होइन कसैलाई सह्य हुँदैन ।

श्रीमान्‌को जवाफ सरितालाई एकरत्ति मन पर्दैन र पनि मुख खोलेर बोल्न सक्दिनन् । माइत जाउँ भने सहेर बस्नुपर्ने बताउँछन् । अदालत जाउँ, अदालतको झन्झटिलो र लामो प्रक्रिया । आफ्नो सपोर्ट कोहीबाट हुँदैन । कसरी मुद्दा लड्ने ? उनी सहनुको कारण खोल्छिन् ।

उता ५ वर्षअघि बिहे भएकी कल्पना भन्छिन्- बजारमा तरकारी लिन जानसमेत अनुमति छैन । श्रीमान्‌को इच्छाविपरीत ओठमा लिपिष्टिक पनि

लगाउनुहुँदैन । अरू त के माइती घर पनि एक्लै बस्न पाउँदिन । श्रीमान्सँगै जाने, आउने र बस्ने हो ।

बुटवल ११ की कल्पनाका श्रीमान् क्याम्पसका प्राध्यापक हुन् । घर, इज्जत, मानमर्यादा राम्रो छ । अरूलाई शिक्षा दिने श्रीमान्ले श्रीमतीमाथि कुचक्र फैलाएको बाहिर थाहा हुँदैन । इज्जतको डरले कुरो बाहिर ल्याउन पनि सक्दिन । बरु पिंजराको सुगाझैं चुपचाप घरभित्रै थुनिएर बसेकी छु- कल्पना विवशता पोख्छिन् ।

कुरा उनीहरूको मात्र होइन । जमाना कहाँबाट कहाँ पुग्यो । कति नियमकानुन बदलिएर नयाँ बने । महिला मुक्ति र स्वतन्त्रताका पक्षमा कति कार्यक्रमहरू गरिए । तर, हाम्रो समाजमा अझ कति महिलाहरू घरपरिवारबाहिर मुख खोलेर बोल्न पाउँदैनन् । त्यसको लेखाजोखा छैन । यो क्रम गरिब परिवारमा भन्दा शिक्षित र सम्पन्न परिवारमा बढी छ । सम्पन्न परिवारमा श्रीमतीले गर्ली, कमाउली र खाउँला भन्ने सोच हुँदैन । त्यसैले शिक्षितलाई पनि बढी हेप्छन् र घरभित्रै थुनेर राख्न खोज्छन् । भुक्तभोगी महिलाहरू भन्छन् तर इज्जत र प्रतिष्ठाका डरले कुरा बाहिर ल्याउँदैनौं ।

नेपाल बार एसोसिएसन बुटवलकी मीना पन्तका अनुसार घरेलु हिंसाविरुद्ध अदालत जाने महिलाहरूको संख्या न्यून छ । शिक्षित महिलामा पनि कानुनी चेतना नहुनु र अदालतको लम्बे प्रक्रिया हुनुले धेरै महिलाहरू घरमै पीडा सहन बाध्य भएका हुन् । उनी भन्छिन्- हाम्रो समाजमा परम्परादेखि नै पुरुषहरूले महिलाहरूलाई दबाउने र हैकम जमाउने संस्कृति बनेको छ । यसले पनि महिलाहरू आफूमाथिको थिचोमिचो ओकल्न सक्दैनन् ।

महिला उत्थान केन्द्र रूपन्देहीकी अध्यक्ष रिजन श्रेष्ठ महिलाहरू परनिर्भर भएकाले दबेर बस्नुपरेको बताउँछिन् । यस्तो समस्या विशेषतः गरिबभन्दा सम्पन्न परिवारका महिलाहरूमा बढी छ । किनकि उनीहरू आर्थिक उपार्जनका काम गर्दैनन् । त्यसैले जागिर वा पेशा गर्ने श्रीमान्को विरुद्ध आवाज उठाउने हिम्मत गर्दैनन्- उनी सुनाउँछिन् ।

*श्रीमान्को जवाफ सरितालाई एकरत्ति मन पर्दैन र पनि मुख खोलेर बोल्न सक्दिनन् । माइत जाउँ भने सहेर बस्नुपर्ने बताउँछन् । अदालत जाउँ, अदालतको झन्झटिलो र लामो प्रक्रिया । आफ्नो सपोर्ट कोहीबाट हुँदैन । कसरी मुद्दा लड्ने ? उनी सहनुको कारण खोल्छिन् ।*

मानव अधिकार संरक्षण मञ्च रूपन्देहीका सचिव गणेश उचैका अनुसार पुरुषले आफूभन्दा कम उमेर र स्तरको बिहे गर्ने प्रचलन छ । यसले गर्दा श्रीमतीलाई धेरै दबाउने प्रवृत्ति बढेको हो । नेपालका ९० प्रतिशत महिला यस्तै अनेक घरेलु हिंसाबाट पीडित छन् । हिंसा रोक्न महिलासम्बन्धी धेरै संस्थाले धेरै कार्यक्रम पनि गरेका छन् । तर महिला र पुरुष समान स्तरमा रहेर काम नगर्दासम्म महिला मुक्ति र अधिकारका जति कार्यक्रम गरिए पनि प्रभावकारी हुँदैनन्- उनको तर्क छ ।

अखिल नेपाल महिला संघकी केन्द्रीय सदस्य मैया भट्टराई भन्छिन्- पुरुषलाई महिलामाथि जस्तोसुकै दमन गर्न सिकाउने र महिलालाई सहन बाध्य बनाउने पितृसत्ता हो । पितृसत्ता रहेसम्म महिलाहरू अबला, बिचरा र श्रीमान्को उपभोग्य चिजमात्र ठानिन्छन् । कुनै तहका महिलाहरू पनि आफ्नो इच्छानुसार चल्न पाउँदैनन् । समस्या समाधानको विकल्प के त ? सबै महिलावादीहरू एउटै आवाज लिएर पितृसत्ताको विरोधमा लाग्ने । पितृसत्ता हट्यो भने महिलाका समस्या आफैं मेटिन्छन् । बल्ल श्रीमान् र श्रीमतीको स्थान बराबरी हुनेछ- उनको सल्लाह छ ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# लाजमर्दो हुनुपर्ने नागरिकता

*उमा नाम गरेकी किशोरी भने बाबुको ठेगान नलागेको भन्ने उल्लेख नगरिएको आमाको नामबाटै नागरिकता बनाउने अडानमा छिन् । उनी भन्छिन्- हामी आशावादी छौं, आमाको नामबाटै नागरिकता बन्छ । त्यसमा अवश्य पनि बाबुको पत्तो नलागेको भनेर लेखिंदैन । नेपाली सेनामा भर्ना भई तालिम लिइरहेका बेला आफ्नै साथीले बाबुको ठेगान नलागेको भन्ने नागरिकता देखेपछि गरेको घोचपेच सहन नसकेर एक वादी युवक जागिर नै छाडेर भारततिर पलायन भए ।*

**✍ कृष्ण अधिकारी**

*एसएलसी पास गरी क्याम्पस तहमा अध्ययन गर्ने वादी समुदायका किशोरकिशोरीको संख्या बढ्दो छ । स्थानीय सरकारी स्कुलमा एक सयभन्दा बढी वादी बालबालिकाले अध्ययन गरिरहेका छन् । अवसर पाएपछि अन्य जातिका बालबालिकाहरूले जस्तै वादी समुदायका बालबालिकाले पनि पढ्नलेख्न सक्छन् भन्ने उदाहरण एकता र उनका साथीहरू कल्पना, उषा, गोमा, सावित्री, सञ्जु, कविता, रामकुमारी, गंगा र पुरनले देखाइसकेका छन् ।*

नेपालगञ्जकी अनुले आफ्नै नागरिकताको प्रमाणपत्रका कारण पटकपटक लज्जित हुनुपरेको छ । बाँके जिल्ला प्रशासन कार्यालयले उनको नागरिकतामा 'बाबुको ठेगान नलागेको' भन्ने उल्लेख गरिदिँदा उनी लज्जित हुनुपरेको हो ।

बाबुको ठेगान नलागेका किशोरकिशोरीलाई आमाको नाम मात्र उल्लेख गरेर नागरिकता दिनु भनेर सर्वोच्च अदालतले सरकारलाई निर्देशनात्मक आदेश दिए पनि नेपालगञ्जका वादी समुदायका किशोरकिशोरीलाई नागरिकता दिंदा बाबुको ठेगान नलागेको भनेर दिन थालेपछि अर्को समस्या उत्पन्न भएको छ ।

मध्य र सुदूरपश्चिमका तराई र भित्री मधेशमा बसोबास गर्दै आएका वादी महिलाका सन्तानहरूले बाबुको ठेगान नहुँदा नागरिकताको प्रमाणपत्रसमेत पाउन सकिरहेका थिएनन् । यो समस्यालाई सुल्झाउन अदालतले बाबुको ठेगान नलागे पनि नागरिकता दिनु भनेको थियो । तर प्रशासनले नागरिकता लिनेलाई नै लज्जित हुनुपर्ने गरी 'बाबुको ठेगान नलागेको' भन्ने उल्लेख गरिदिनाले समस्या झनै चर्को भएको छ ।

पुस्तौंदेखि नेपालमा बसोबास गरिआएका वादी समुदायले नागरिकताको प्रमाणपत्र सहज ढंगबाट पाउन् भनेर अदालतले बाधा फुकाइदिएपछि पनि प्रशासनले अनावश्यक बखेडा झिकिदिनाले वादी समुदायका किशोरकिशोरीहरू नागरिकता लिन जानै डराउन थालेका छन् ।

सर्वोच्च अदालतका न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र अर्जुनप्रसाद सिंहको विशेष इजलासले भदौ ३० गते बाबुको ठेगान नभएका किशोरकिशोरीलाई पनि नागरिकता प्रदान गर्न आदेश दिएको थियो । सर्वोच्च अदालतको आदेशपछि पनि वादी समुदायका किशोरकिशोरीले आमाको नामबाट नागरिकता पाउन सकेका छैनन् ।

बाबुको ठेगान नभएकै कारण स्कुलमा भर्ना हुँदासमेत लज्जित हुनुपरेको थियो । स्कुलको पढाइ

सकेर नागरिकता बनाउनका लागि जिल्ला प्रशासन कार्यालयमा जाँदा सरकारी कर्मचारीहरूले पनि जानी-जानी यातना दिएको आरोप केन्द्रीय वादी महिला समन्वय समितिकी अध्यक्ष सगुनी नेपालीले लगाइन् । वादी किशोरकिशोरीले नागरिकताको प्रमाणपत्रमा बाबुको ठेगान नलागेको उल्लेख गरेर नागरिकता लिनुपरेको थियो ।

स्थानीय एक उच्चमाध्यमिक विद्यालयमा अध्ययनरत एकताले भनिन्- हाम्रो पीडालाई बुझेर अदालतले न्याय दिएको थियो तर कर्मचारीले दुर्व्यवहार गर्न छाडेनन् । तर अन्य समुदायका सदस्यले जस्तै हामी पनि सम्मानित नागरिक हुन पाउँछौं भन्ने आशा हामीमा कायमै छ ।

यस क्षेत्रका वादी समुदायका सातजना किशोरकिशोरी बाँकेको उच्चमाध्यमिक विद्यालयमा अध्ययन गर्छन् । उनीहरूमध्ये चारजनासँग नागरिकताको प्रमाणपत्र छैन । उनीहरू आमाको नामबाट नागरिकता लिन चाहन्छन् ।

उमा नाम गरेकी किशोरी भने बाबुको ठेगान नलागेको भन्ने उल्लेख नगरिएको आमाको नामबाटै नागरिकता बनाउने अडानमा छिन् । उनी भन्छिन्- हामी आशावादी छौं, आमाको नामबाटै नागरिकता बन्छ । त्यसमा अवश्य पनि बाबुको पत्तो नलागेको भनेर लेखिंदैन ।

नेपाली सेनामा भर्ना भई तालिम लिइरहेका बेला आफ्नै साथीले बाबुको ठेगान नलागेको भन्ने नागरिकता देखेपछि गरेको घोचपेच सहन नसकेर एक वादी युवक जागिर नै छाडेर भारततिर पलायन भए ।

एसएलसी पास गरी क्यापस तहमा अध्ययन गर्ने वादी समुदायका किशोरकिशोरीको संख्या बढ्दो छ । स्थानीय सरकारी स्कुलमा एक सयभन्दा बढी वादी बालबालिकाले अध्ययन गरिरहेका छन् । अवसर पाएपछि अन्य जातिका बालबालिकाहरूले जस्तै वादी समुदायका बालबालिकाले पनि पढ्नलेख्न सक्छन् भन्ने उदाहरण एकता र उनका साथीहरू कल्पना, उषा, गोमा, सावित्री, सञ्जु, कविता, रामकुमारी, गंगा र पुरनले देखाइसकेका छन् ।

स्नातक तहको अध्ययन पूरा गरी रामकुमारीले घरजम गरेकी छिन् । उनी अहिले आफ्नै समुदायका बालबालिकाको शिक्षिका बनेकी छिन् ।

नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा ४ बमोजिम पितृत्वको ठेगान नभएका प्रत्येक नाबालकले निजको बाबु पत्ता नलागेसम्म वंशजको नाताले नेपाली नागरिकता पाउने व्यवस्था गरिएको कुरा अधिवक्ता सुशील लाखेले बताए ।

*स्थानीय एक उच्चमाध्यमिक विद्यालयमा अध्ययनरत एकताले भनिन्- हाम्रो पीडालाई बुझेर अदालतले न्याय दिएको थियो तर कर्मचारीले दुर्व्यवहार गर्न छाडेनन् । तर अन्य समुदायका सदस्यले जस्तै हामी पनि सम्मानित नागरिक हुन पाउँछौं भन्ने आशा हामीमा कायमै छ ।*

जिल्ला प्रशासन कार्यालय बाँकेका नागरिकता फाँटमा कार्यरत प्रशासकीय अधिकृत पुरन गिरी आमाको नामबाट नागरिकता दिनका लागि स्पष्ट कानुनी व्यवस्था नभएको बताउँछन् । उनले भने- विद्यमान ऐननियममा स्पष्ट कानुनी व्यवस्था नहुँदासम्म आमाको नामबाट नागरिकता दिन सकिने अवस्था छैन । तर नागरिकताको प्रमाणपत्रमा पितृत्वको ठेगान नलागेको भन्ने उल्लेख गरेर नागरिकता दिन भने मिल्छ ।

वादी समुदायले आमाको नामबाट नागरिकता पाउनुपर्छ भन्ने माग लगातार राख्दै आएका छन् तर राज्यले समाधान गर्न ध्यान दिएको छैन ।

बसोबासका लागि घरघडेरी र जग्गाजमिन नभएका कारण वादी जाति वर्षभरि नै घुमफिर गर्ने फिरन्ते रूपमा जीवन बिताउने गर्छन् । स्थायी रूपमा एकै ठाउँमा नबस्ने भएकै कारण अधिकांश वादी समुदायका सदस्यसँग नागरिकताको प्रमाणपत्र छैन ।

वादी किशोरकिशोरी भन्छन्- हामीले आमाको नामबाट नागरिकता पाउनुपर्छ । आमाको नामबाट नागरिकता पायौं भने मात्रै हामीले नागरिकता पाएकोमा गौरव गर्न सक्नेछौं ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक
सञ्चारिका समूह/नेपाल
पो.ब.नं. १३२९३
टेलिफोन : ५५३८५४९,
फ्याक्स : ५५४७२९१
इ-मेलः sancharika@wlink.com.np
वेभसाइट : **www. sancharika.org**

सम्पादक
**निर्मला शर्मा**
इ-मेलः nirmalaji@mos.com.np

सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सञ्चारिका समूह